# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल


प. सं.: २०८२/०८३
च. नं.:

मितिः २०८३/०२/०६

## शिक्षक बैंक स्थापनार्थ विज्ञापन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०२/०६

सत्यवती गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा अस्थायी करार शिक्षक नियुक्ति गर्दा नियुक्ति प्रक्रिया पुरा गर्न लामो समय लाग्ने र विद्यालय पठनपाठनमा असर पर्ने हुँदा सामुदायिक विद्यालयमा रिक्त हुने स्वीकृत दरबन्दी अस्थायी करार र राहत अनुदान करार शिक्षक पदमा कार्य गर्न इच्छुक उम्मेदवारहरुका लागि सत्यवती गाउँपालिकाको शिक्षक बैंक व्यवस्थापन कार्यविधि, २०८३ बमोजिम शिक्षक बैंकमा सूचीकृत हुन तपसिल बमोजिमका तह र श्रेणीमा योग्यता पुगेका व्यक्तिहरुका लागि सूचना जारी भएको मितिले १५ दिन भित्र कार्यालय समयमा तोकिएको ढाँचामा रितपूर्वक दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

**१. विज्ञापनको विवरणः**

| क सं | विज्ञापन नं | पद | तह | श्रेणी | संख्या |
|---|---|---|---|---|---|
| १ | १/२०८२/०८३ | शिक्षक | प्राथमिक | तृतीय | लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारहरु सबै |

२. **परीक्षा दस्तुरः** देहायको पद तथा तहको लागि तपसिल अनुसारको दस्तुर कार्यालयको राजश्व शाखामा नगदै बुझाई प्राप्त गरेको रसिद दरखास्त फाराम साथ संलग्न गर्नुपर्नेछ ।
   क) प्राथमिक तहको लागिः रु ५००/-

३. **दरखास्त दिने अन्तिम मितिः** २०८३/०२/२० गते कार्यालय समयभित्र

४. **परीक्षाको किसिम तथा प्रक्रियाः**
   क) प्राथमिक शिक्षक पदको हकमा शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रमका आधारमा परीक्षा सञ्चालन गरिनेछ ।

५. **परीक्षा सञ्चालनः** परीक्षा सञ्चालन हुने मिति, समय र स्थानको बारेमा विज्ञापनको समय समाप्त भए पश्चात शाखाबाट सूचना प्रकाशन गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत


इमेलः-satyawatigaunpalika@gmail.com फोन नं:-०७९-४११०७६ वेबसाइटः- www.satyawatimun.gov.np
फेसबुक पेजः-https://www.facebook.com/satyawatirmo

सत्यवती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जोहाङ्ग, गुल्मी लुम्बिनी प्रदेश, नेपाल

६. उम्मेदवारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यता:

क) नेपाली नागरिक

ख) १८ वर्ष पुरा भै ४० वर्ष ननाघेको

ग) प्राथमिक तहको शिक्षक पदका लागि न्यूनतम शैक्षिक योग्यता शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम

घ) जुन तहको परीक्षामा सहभागी हुने हो, सोही तहको वा सो भन्दा माथिल्लो तहको स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको

७. उम्मेदवारले पेश गर्नुपर्ने आवश्यक कागजातहरु:

| क सं | पद | पेश गर्नुपर्ने आवश्यक कागजातहरु |
|---|---|---|
| १ | प्राथमिक तह शिक्षक | १. दरखास्त फाराम |
| | | २. दरखास्त दस्तुर बुझाएको भौचरको सक्कल प्रति |
| | | ३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी |
| | | ४. न्यूनतम शैक्षिक योग्यताका प्रमाणप्रत्रका प्रतिलिपी |
| | | ५. स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपी |

*विदेशी शिक्षण संस्थाको शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गराएको हुनुपर्नेछ ।

८. विज्ञापन सम्बन्धी थप जानकारी:

क) कुनै उम्मेदवारले झुट्टा विवरण/कागजात पेश गरेको पाइएमा निजको दरखास्त फाराम अस्वीकृत गरिनेछ । साथै रित नपुगेको वा शर्त राखी कुनैपनि दरखास्त स्वीकृत गरिनेछैन ।

ख) दरखास्त फारामसाथ पेश गरिएका कागजातका प्रतिलिपीहरुमा उम्मेदवार स्वयंले सक्कल बमोजिम नक्कल ठिक छ भनी प्रमाणित गरेको हुनुपर्नेछ ।

ग) दरखास्त फाराम सत्यवती गाउँपालिका वेबसाईट satyawatigaunpalika@gmail.com बाट डाउनलोड गर्न सकिनेछ ।

घ) थप जानकारीका लागि सम्पर्क नं: ९८५७०६७९०३ र ९८४८११२०९३

हरि प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
# जोहाङ्, गुल्मी

## शिक्षक बैंक स्थापनार्थ परीक्षाको दरखास्त फाराम

| हालैसाले खिचेको पासपोर्ट साइजको उम्मेदवारको फोटो |
|---|

१) परीक्षा दिन चाहेको तह, विज्ञापन नं, विषय र प्रकारः-

| तहः | पदः | विज्ञापन नंः |
|---|---|---|
| विषय : | | |

२) व्यक्तिगत विवरणः

| | | | |
|---|---|---|---|
| उम्मेदवारको नाम थर | देवनागरीमाः | | लिङ्गः |
| | अंग्रेजी ठुलो अक्षरमाः | | |
| | नागरिकता नंः | जारी गरेको जिल्लाः | जारी मितिः |
| स्थायी ठेगाना | जिल्लाः | स्थानीय तहः | वडा नंः |
| | मोबाइल नंः | | |
| पत्राचार गर्ने ठेगानाः | | ईमेलः | |
| बाबुको नाम थरः | | आमाको नाम थरः | |
| बाजेको नाम थरः | | पति /पत्नीको नाम थरः | |
| जन्म मिति(वि.सं.): | | दरखास्तको अन्तिम मितिमा पुग्ने उमेरः...............वर्ष......... महिना....... दिन | |

३) न्यूनतम योग्यता सम्बन्धी विवरण( सम्बन्धित तहको लागि आवश्यक शैक्षिक योग्यता मात्र उल्लेख गर्ने ।)

| क्र सं | अध्ययन गरेको संस्थाको नाम | उत्तीर्ण गरेको परीक्षा | | प्रतिशत/ GPA | श्रेणी/ ग्रेड | मुल विषय |
|---|---|---|---|---|---|---|
| | | परीक्षा | साल | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

४) तालिम/प्रशिक्षण आदिको विवरण:-(१० महिने वा सो सरहको शैक्षिक तालिम मात्र लेख्ने)

| क्र स | तालिम दिने संस्थाको नाम | तालिमको नाम | विषय | उतीर्ण गरेको | | | तालिमको अवधि | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परीक्षा | साल | श्रेणी | देखि | सम्म | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

४) यस दरखास्तमा उल्लेख गरेका सम्पूर्ण विवरणहरु सत्य छन । उम्मेदवारको लागि दिइएको निर्देशन मैले राम्ररी पढेको छु र म ती शर्तहरु पालना गर्न मञ्जुर छु । लेखिएको विवरण झुठा ठहरिएमा कानुन बमोजिम सहुँला बुझाउँला ।

| दायाँ | वायाँ |
|---|---|
| | |

ल्याप्चे सहिछाप

..........................
उम्मेदवारको दस्तखत

नोट;- दरखास्त फाराम साथ उम्मेदवार स्वयमले प्रमाणित गरेर विज्ञापनमा तोकेका संलग्न गर्नुपर्ने कागजातहरु उल्लेखित क्र.स. अनुसार नत्थी गरेको हुनुपर्नेछ ।

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी

**शिक्षक बैंक स्थापनार्थ परीक्षाको**

**प्रवेश पत्र**

| हालसालै खिचेको पासपोर्ट साइजको उम्मेदवारको फोटो |
|---|

**उम्मेदवारले भर्ने:**

१) उम्मेदवारको नाम थर........................................................................................................

२)परीक्षा दिन चाहेको तह............................विज्ञापन नं....................................पद..........................

३) परीक्षा दिन चाहेको विषय...........................................

**कार्यालयको सम्वन्धित कर्मचारीले भर्ने:-** यस कार्यालयबाट जारी गरेको सूचना वमोजिम शिक्षक बैंक स्थापनार्थ शिक्षक छनोट परीक्षामा तोकिएको परीक्षा केन्द्रबाट सम्मिलित हुन अनुमति दिइएको छ। विज्ञापनमा तोकिएको सर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो प्रवेशपत्र रद्द हुनेछ। (परीक्षा केन्द्र पछि तोकिनेछ।)

रोल नं:-

............................
अधिकृतको दस्तखत

**उम्मेदवारले पालना गर्नुपर्ने नियमहरु:**

१.परीक्षा दिन आउँदा अनिवार्य रुपमा प्रवेशपत्र ल्याउनु पर्नेछ,प्रवेशपत्र विना परीक्षामा बस्न पाइने छैन।
२.दरखास्त फाराममा लेखिएको विज्ञापन नं,तह र विषयको परीक्षामा मात्र सम्मिलित भई परीक्षा दिनपर्ने छ।
३.उत्तरपुस्तिकाम नाम,रोल नम्वर आदि विवरण लेखेको ठिक पछाडीको पृष्ठमा उत्तर लेख्नु हुदैन।
४.कार्यालयले तोकेको परीक्षा केन्द्र बाहेक अन्य केन्द्रबाट परीक्षा दिन पाईने छैन।
५.परीक्षा सुरु हुनुभन्दा १५ मिनेट अगाडी सूचना गरेपछि परीक्षा भवनमा प्रवेश गर्नुपर्नेछ। सामान्य परीक्षामा १५ मिनेट र विषयगत परीक्षामा ३० मिनेट भन्दापछि आउने उम्मेदवारलाई परीक्षा हलमा बस्न दिइने छैन।
६.परीक्षा भवनमा किताब,कापी,कागज,मोवाइल आदि कुनै पनि वस्तु ल्याउन पाइने छैन।
७. उम्मेदवारले आपसमा कुराकानी र संकेत गर्न पाइने छैन। आफुलाई चिनाउने कुनै संकेत उत्तरपुस्तिकामा गर्न पाईने पाईने छैन।
८. कुनै पनि उम्मेदवारले उत्तरपुस्तिकामा आफ्नो नाम थर केरमेट गर्नु हुदैन। केरमेट गरेमा त्यस्ता उम्मेदवारहरुको सम्पूर्ण परीक्षा रद्द हुनेछ। त्यसदेखि बाहेकका अन्य विवरण केरमेट हुन गएमा त्यस्तो स्थानमा केन्द्राध्यक्षलाई जानकारी गराई केरमेटको कैफियत खोली दस्तखत गर्न लगाउनु पर्नेछ। अन्यथा त्यस्ता उम्मेदवारहरुको परीक्षा स्वत:रद्द हुनेछ।
९. परीक्षा सुरु भएको ३० मिनेट व्यतित नभएसम्म परीक्षा भवनबाट बाहिर जान पाइने छैन
१०.परीक्षाको मर्यादा भङ्ग हुने तथा परीक्षा खल्बलिने लगायतका अन्य कुनै अनियमित काम गरेमा र एक व्यक्तिको सट्टा अर्को व्यक्तिको उम्मेदवार भई परीक्षा दिएमा,निरीक्षकलाई उत्तरपुस्तिका नबुझाई आफै लगेमा वा च्यातेमा वा नष्ट गरेमा त्यस्ता उम्मेदवारको परीक्षा स्वत:रद्द हुनेछ र निजलाई प्रचलित कानून अनुसार थप कारवाही हुन सक्नेछ।
११. परीक्षा कार्यालयको प्रकाशित विज्ञापन वा सूचनामा उल्लिखित कार्यक्रम अनुसार हुनेछ।
१२. अन्य कुराको हकमा समितिले तोके बमोजिम हुनेछ।